# पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीको

(पांचौ संशोधन २०७८ सहित

# विधान

२०५९

# पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीको विधान
## २०५९

१.प्रस्तावनाः

विश्वमा शान्तिको सन्देश फैलाउने गौतम बुद्धको अस्तुधातुको आठ भागको एक भाग सुरक्षित रहेको ऐतिहासिक स्थल रामग्रामको नामले स्थापित रामग्राम नगरपालिका वार्ड नं. ४ जीतपुरमा अवस्थित पाल्ही बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०४६ साल असोज २ गते भएको हो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी मानविकी संकाय अर्न्तगत प्रमाणपत्र तहको अध्ययन अध्यापन कार्य सुरु गरिएको यस क्याम्पसमा तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरी +2 अन्तर्गत वाणिज्य र शिक्षा विषयको समेत अध्यापन गरिसकिएको र हाल मानविकी संकाय तर्फ बि.ए., शिक्षाशास्त्र संकाय तर्फ एक वर्षे बि.एड. र चार बर्षे बी.एड.तथा व्यवस्थापन संकाय तर्फ चार बर्षे बी.बी.एस.को सम्बन्धन प्राप्त गरी  कक्षाहरु संचालन भइरहेका छन् । **पाल्ही बहुमुखी क्याम्पस एउटा गैरनाफामुखी सामुदायिक क्याम्पस हो** । क्याम्पस संचालन प्रकियालाई सुव्यवस्थित र नियमसंगत बनाउन बि.सं.२०५९ सालमा पहिलो पटक तयार गरिएको विधानलाई कमशः २०६१ मा पहिलो पटक, २०६५ मा दोस्रो पटक, २०७१ मा तेस्रो पटक र बि.सं. २०७६ मा चौथो पटक संशोधन र परिमार्जन गरी लागु गरिएको छ ।

**परिच्छेद १** *(२०७६ चौथो संशोधनद्वारा थप)*

२. नाम र प्रारम्भः–

यस बिधानको नाम "पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीको विधान" रहेकोछ ।  यो क्याम्पस समुदायमा आधारित एउटा पब्लिक सामुदायिक क्याम्पस हो । क्याम्पस सभाले अनुमोदन गरेको मिति देखि यो विधान लागु हुनेछ । *(२०७६ चौथो संशोधनद्वारा थप)*

२.१. **क्याम्पस गैरनाफामूलक, स्वशासित र सामुदायिक संस्था रहने** (२०७६ चौथो संशोधनद्वारा थप)

क) पाल्ही बहुमुखी क्याम्पस एक गैरनाफामूलक, स्वशासित एवं संगठित संस्था रहनेछ ।

ख). क्याम्पसको सबै काम कार्यवाहीका लागि छुट्टै छाप हुनेछ ।

ग) क्याम्पसले व्यक्ति सरह चल अचल सम्पति खरिद वा प्राप्त गर्न र व्यवस्थित गर्न सक्नेछ ।

घ) क्याम्पसले व्यक्ति सरह उजुर गर्न र क्याम्पस उपर पनि उजुर लाग्न सक्नेछ ।

ङ) पाल्ही बहुमुखी क्याम्पस पब्लिक सामुदायिक क्याम्पसको रुपमा रहनेछ ।

३. परिभाषाः–

क) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा क्याम्पस भन्नाले पाल्ही बहुमुखी क्याम्पस परासी नवलपरासीलाई सम्भिmनु पर्दछ ।

ख) संचालक समिति भन्नाले क्याम्पस संचालनका लागि गठित समितिलाई सम्भmनु पर्दछ । यो विधान लागु हुनु भन्दा पहिलै गठन भएका संचालक समितिलाई पनि यही विधान अनुसार गठन भएको मानिने छ । समितिले गरेको निर्णय विधान सम्मत नदेखिएमा पुनः समितिमा राखी र्णिय गर्नुपर्दछ ।

ग) प्राध्यापक भन्नाले क्याम्पसमा अध्यापनरत प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापकसम्भmनु पर्छ ।

घ) कर्मचारी भन्नाले क्याम्पसको प्रशासनिक कामको लागि नियुक्ति भएका सबै कर्मचारीलाई जनाउंदछ ।

ङ) क्याम्पस प्रमुख भन्नाले प्रिन्सिपल वा प्राचार्य समेतलाई जनाउंदछ ।

च) पदाधिकारी तथा सदस्य भन्नाले क्याम्पसको संचालक समितिका अध्यक्ष तथा सदस्यलाई जनाउंदछ ।

छ) विद्यार्थी भन्नाले क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीलाई जनाउंदछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ज. क्याम्पस सभा भन्नाले विधानमा व्यवस्था भए अनुसारको सभालाई जनाउंदछ *(२०७६ चौथो संशोधनद्वारा थप)*

परिच्छेद ३ (२०७६ चौथो संशोधनद्वारा थप)

४. क्याम्पस सभाः– (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसको बार्षिक नीति तथा कार्यक्रम पारित गर्न, बिधानलाई समयानुकुल आवश्यक्तानुसार अनुमोदन गर्न र संचालक समिति गठन गर्नका लागि सर्वोच्च निकायको रुपमा एक क्याम्पस सभा रहनेछ । क्याम्पस सभाको बैठक बर्षमा एक पटक अनिवार्य रुपमा बस्नेछ ।

४.१ क्याम्पस सभाको सदस्यता (२०७६ चौथो संशोधनद्वारा थप)

देहायको ब्यक्ति र पदाधिकारीहरु क्याम्पस सभाका सदस्य रहनेछन् :

(क) सम्बन्धित संघीय र प्रदेश निर्वाचन क्षेत्रका सांसद, विधायक ।
(ख) क्याम्पस संचालक समितिका पदेन सदस्यहरु ।
(ग) क्याम्पस संचालक समितिका भुतपुर्व अध्यक्षहरु ।
(घ) क्याम्पस सभा संस्थापक र क्याम्पस संस्थापक संचालक समितिका पदाधिकारी एवं सदस्यहरु ।
(ङ) पुर्व क्याम्पस प्रमुखहरु ।
(च) क्याम्पस रहेको वार्डको वडाअध्यक्ष ।
(छ) ५०,००० सम्म आर्थिक सहयोग गर्ने आजीवन सदस्य ।
(ज) १००००० वा सो भन्दा माथि आर्थिक सहधयोग गर्ने संरक्षक सदस्य ।
(झ) यस क्याम्पसमा रु.१००००। (दश हजार) सम्म सहयोग गर्ने क्याम्पस सभाका साधारण सदस्य ।
(ञ) वर्तमान स्व.वि.यु. सभापति । (२०७६चौथो संशोधनद्वारा थप)

४.२ क्याम्पस सभाको गठन : (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पस सभाको गठन देहाय बमोजिम हुनेछ:

| | |
|---|---|
| (क) क्याम्पस संचालक समितिका अध्यक्ष | अध्यक्ष |
| (ख) क्याम्पस सभाका सम्पर्ण सदस्यहरु | सदस्य |
| (ग) क्याम्पस प्रमुख | सदस्य सचिव |

४.३ पदावधि (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पस सभाको पदावधि ३ वर्षको हुनेछ । साधारण सदस्यको हकमा प्रत्येक ३ बर्षमा सदस्यता नबिकरण गर्नुपर्ने छ । नविकरण शुल्क रु १५००। तिर्नुपर्ने छ ।

४.४ क्याम्पस सभाका सदस्यहरुको योग्यताः यस क्याम्पसको साधारण सभाको सदस्य हुन देहायका सबै नेपाली नागरिक योग्य हुनेछन् : (२०७८ पांचौ शोधनद्वारा थप)
(क) सबै नेपाली नागरिक ।
(ख) मगज नबिग्रेको ।
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ब्यक्ति ।
(घ) क्याम्पसमा बांकी बक्यवता नभएको र सम्पति हिनामिना नगरेको ब्यक्ति ।

४.५ क्याम्पस सभाको काम, कर्तब्य र अधिकारः– (२०७६ चौथो संशोधनद्वारा थप)

(क) क्याम्पस संचालनार्थ सर्वोच्च निकायको रुपमा काम गर्ने ।
(ख). क्याम्पस संचालक समितिको गठन गर्ने ।
(ग) क्याम्पस संचालन सम्बन्धि नीति तथा कार्यक्रम पारित गर्ने ।
(घ) क्याम्पसको विधान अनुमोदन गर्ने ।
(ङ) क्याम्पसको चौतर्फी विकासमा सहयोग गर्ने ।
(च) क्याम्पसमा सम्बन्धित निकायसंग अनुमति लिई आवश्यक्तानुसार संकाय र तह थप गर्ने गराउने ।

४.६ . क्याम्पस सभाको गणपुरक संख्याः (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पस सभाको गणपुरक संख्या पहिलो पटक ५१⁄,दोस्रो पटक ३३⁄ र त्यस पछि उपस्थित संख्यालाई मानिनेछ

४.७ क्याम्पस सभाको बैठक र निर्णय प्रकियाः (२०७६ चौथो संशोधनद्वारा थप)

(क) क्याम्पस सभाको बैठक वर्षमा १ पटक अनिवार्य रुपमा बस्नेछ ।
(ख) क्याम्पस सभाका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतद्वारा पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।
(ग) क्याम्पस सभाको बैठक अध्यक्षको अनुमतिले सदस्य सचिवले बोलाउनेछ ।
(घ) आवश्यक परेमा क्याम्पस सभाको बैठक जुनसुकै बेला क्याम्पस संचालक समितिले बोलाउन सक्नेछ तर २५% सदस्यले बैठक बोलाउन माग गरेमा अध्यक्षले बैठक बोलाउनु पर्ने र जुन विषयमा बैठक बोलाउन माग गरिएको हो सोहि विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

४.८. **क्याम्पस सभाका पदाधिकारीहरुको पद रिक्त रहने अवस्था:** *(२०७६चौथो संशोधनद्वारा थप)*

(क) लिखित राजिनामा स्वीकृत भएमा ।
(ख) मानसिक सन्तूलन ठिक नभएमा ।
(ग) क्याम्पसको हित विपरीत काम गरेमा ।
(घ) मृत्यू भएमा ।
(ङ) साधारण सभाबाट दुई तिहाई बहुमतले निष्काशन गरेको व्यक्ति । तर निजलाई निष्काशन गर्नु भन्दा पहिले सफाईको मौका प्रदान गरिने छ ।
(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय भएमा
छ) समय मै नविक्रण नगराएमा ।

## परिच्छेद ३ *(२०७६ चौथो संशोधनद्वारा थप)*

**५ संचालक समिति गठन विधि:—**

क्याम्पस संचालन गर्ने निकायको रुपमा एक क्याम्पस संचालक समिति रहनेछ । यसमा कम्तीमा ११ र बढीमा २३ जना सम्म पदाधिकारी रहनेछन् । अध्यक्षले महसुस गरेमा १ जना उपाध्यक्ष समेतको कार्यसमिति गठन गर्नेछन् र क्याम्पस प्रमुख संचालक समितिको सदस्य सचिव हुनेछन् ।

**५.१ संचालक समितिको गठन निम्नबमोजिम हुनेछ:**

क. क्याम्पस सभाबाट निर्वाचित व्यक्ति अध्यक्ष
ख. आजीवन सदस्य, सल्लाहकारहरु र संरक्षकहरु मध्येबाट क्याम्पस सभाले निर्वाचित गरेका महिला सहित बढिमा ३ जना सदस्य
ग. क्याम्पस सभा सदस्य, संस्थापकहरु, क्याम्पसलाई विशिष्ट योगदान गर्ने महानुभावहरु, अभिभावकहरु, समाजका प्रतिष्ठित बुद्धिजिवीहरु मध्येबाट अध्यक्षले मनोनित गर्ने बढिमा ११ जना सदस्य

*तर मनोनयनमा पर्ने सदस्यहरु अनिवार्य रुपमा क्याम्पस सभा सदस्य हुनु पर्ने छ ।*

घ. क्याम्पस प्रमुख सदस्य सचिव

**५.२ संचालक समितिमा निम्न पदाधिकारी पदेन सदस्य हुनेछन् :—**

क) त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि
ख) जिल्ला समन्वय समितिका प्रमुख (२०७६ चौथो संशोधनद्वारा थप)
ग) प्रमुख जिल्ला अधिकारी (२०७६ चौथो संशोधनद्वारा थप)
घ) रामग्रँम नगरपालिकाका प्रमुख (२०७६ चौथो संशोधनद्वारा थप)
ङ) ने.प्रा.सं. पा. ब. क्या. एकाई समितिका अध्यक्ष
च) उद्योग वाणिज्य संघका अध्यक्ष (२०७६ चौथो संशोधनद्वारा थप)
छ) सम्बन्धित वडा अध्यक्ष (२०७६ चौथो संशोधनद्वारा थप)
ज) स्व.वि.यू. सभापति (२०७६ चौथो संशोधनद्वारा थप)

संचालक समितिले कम्तिमा ३ जना सल्लाहकारहरु मनोनित गर्न सक्नेछ साथै क्याम्पस स्थापनार्थ महत्वपुर्ण योगदान गर्ने महानुभावहरु मध्ये ससम्मान संरक्षक पदमा मनोनित गर्न सक्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

**५.३ संचालक समितिको पदावधि:**

अध्यक्षको पदावधि ३ बर्षको हुनेछ । समितिका अन्य पदाधिकारीहरुको पदावधी पनि सोही अवधिभर कायम रहनेछ । (२०७६ चौथो संशोधनद्वारा थप)

**६. संचालक समितिको बैठक र निर्णय प्रक्रिया:**

क) संचालक समितिको बैठक महिनामा एक पटक र आवश्यकतानुसार पटक पटक बस्न सक्नेछ । चौथो संशोधन
ख) संचालक समितिको पहिलो बैठकको गणपुरक संख्या ५१ प्रतिशत हूनेछ । गणपुरक संख्या नपुगी दोस्रो बैठक बोलाएमा गणपुरक संख्या न्यूनतम ५१ प्रतिशत हुनु पर्नेछ । दोस्रो पटक पनि सोही प्रस्ताव माथि छलफल गर्न बैठकको न्युनतम गणपुरक संख्या नपुगी स्थगित भएमा तेस्रो पटक ३३ प्रतिशतको उपस्थितीलाई गणपूरक संख्या मानिनेछ ।

ग) संचालक समितिका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतद्वारा पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

ङ) संचालक समितिको बैठक अध्यक्षको अनुमति लिएर सदस्य सचिव (क्याम्पस प्रमुख) ले बोलाउने छन् ।

ङ) क्याम्पसको आवश्यकता उपर विचार गरी २५% सदस्यहरुबाट बैठक माग भएमा निवेदन परेको १५ दिनभित्र अध्यक्षले बैठक बोलाउनुपर्नेछ तर निवेदनमा माग भएको विषय बाहेक अन्य विषयमा छलफल गर्न पाइनेछैन् । (२०७१ तेस्रो संशोधनद्वारा थप)

**७ संचालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) क्याम्पस प्रमुखको नियुक्ति गर्ने र नीजको सुविधा तोक्ने ।

ख) क्याम्पस प्रमुखको पदावधि ४ वर्षको हुनेछ ।

ग) क्याम्पसको आवश्यक्तानुसार प्राध्यापक तथा कर्मचारीको दरबन्दी सृजना गर्ने ।

घ) प्राध्यापक कर्मचारीहरुको सेवा, शर्त, पारिश्रमिक तथा अन्य सुविधा तोक्ने ।

ङ) क्याम्पसको बार्षिक बजेट निमार्ण गर्ने ।

च) क्याम्पसको आम्दानी खर्चको ब्यवस्थित हिसाब किताब राख्न लगाउने ।

छ) आवश्यकतानुसार विभिन्न समिति,उपसमिति वा आयोग गठन गरी तिनीहरुको काम, कर्तब्य र अधिकार तोक्ने ।

ज) क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरु प्रति अनुशासनात्मक कार्यवाही गर्ने ।

झ) क्याम्पसका लागि आवश्यक अर्थ संकलन, अनुदान दान दातव्य आदि भौतिक श्रोत जटाउने र जनसहयोग परिचालन गर्ने ।

ञ) क्याम्पस सुब्यस्थित तरिकाले संचालन गर्नको लागि आवश्यक परेमा नीति, नियम बनाउने र निर्देशन गर्ने ।

ट) क्याम्पसका समस्याहरु समाधान गर्ने ।

ठ) क्याम्पसको हितलाई ध्यानमा राखी कोषको प्रबन्ध तथा लगानी गर्ने चल अथवा अचल सम्पति खरिद विकी गर्ने र आवश्यकतानुसार बैंक तथा वित्तीय संस्थाहरुमा क्याम्पसको नाउँमा खाता खोल्ने ।

ड) क्याम्पसको तत्कालिन आवश्यकतालाई ध्यानमा राखी आंशिक, करार, स्थायी, अस्थायी, प्रशिक्षक, प्राध्यापक तथा कर्मचारीहरु नियुक्त गर्न लगाउने ।

ढ) क्याम्पसमा तोकिएको कार्यभार कम भएको अवस्थामा प्राध्यापक एवम् कर्मचारीका दरबन्दीहरु कट्टा गरी कार्यरत प्राध्यापक तथा कर्मचारीलाई नियमानुसारको सुविधा दिई सेवा निवृत्त गर्ने तर त्यसरी सेवाबाट हटाउँदा एक शैक्षिक सत्रको मात्र कार्यभारको आधारमा मात्र हटाइने छैन् । (२०७१तेस्रो संशोधनद्वारा थप)

ण) क्याम्पसमा अध्ययन भईरहेका विषयमा विद्यार्थी नभई कक्षा सञ्चालन नभएको अवस्था वा उक्त विषय समेत खारेज भएमा सम्बन्धित विषयका प्राध्यापकलाई वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा निजलाई अवकास दिई सम्मानजनक विदाई गरिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

त) विशेष बैठक माग गर्न सकिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

**८ संचालक समितिका पदाधिकारीहरुको पद रिक्त रहने अवस्थाः–**

क) लिखित राजिनामा स्वीकृत भएमा ।

ख) मानसिक सन्तुलन ठीक नभएमा ।

ग) सूचना नदिई लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा निजको पद स्वतः रिक्त भएको मानिनेछ । (७०७१ तेस्रो संशोधनद्वारा थप)

घ) क्याम्पस हित विपरीत काम गरेको लागेमा अध्यक्षले सम्बन्धित सदस्यलाई क्याम्पस संचालक समितिको सदस्यताबाट निलम्बन गर्न सक्नछन् । तर सफाई पेश गर्न कम्तीमा १५ दिनको म्याद दिनुपर्नेछ ।

ङ) पदावधि समाप्त भएमा ।

च) (२०७६ चौथो संशोधनद्वारा झिकिएको)

छ) पदेन सदस्यहरुहरुको हकमा नीज सम्बन्धित निकायमा वा पदमा कार्यरत नभएमा ।

ज) अविस्वासको प्रस्ताव पारित भएमा । (२०७६ चौथो संशोधनद्वारा थप)

झ) क्याम्पस संचालक समितिका अध्यक्षले कार्यकाल पुरा नहुदै राजिनामा दिएमा बाकी कार्यकालका लागि संचालक समितिका उपाध्यक्ष वा सदस्यहरु मध्ये एक जना वरिष्ट सदस्यको अध्यक्षतामा समितिको बैठक बसी, राजिनामा

स्वीकृत गरी, तत्काल कार्यबाहक अध्यक्ष समेत छनौट गरी बढीमा ६ महिना भित्र क्याम्पस सभाद्वारा अनुमोदन गराउनु पर्नेछ ।

**९. संचालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :** (२०७६ चौथो संशोधनद्वारा थप)

क) संचालक समिति र क्याम्पस सभाको अध्यक्षता गर्ने ।

ख) संचालक समिति र क्याम्पस सभाको बैठक बोलाउने ।

ग) क्याम्पसको उत्थान र विकासका लागि भौतिक तथा आर्थिक सहयोग जुटाउने ।

घ) क्याम्पस सभा र संचालक समितिका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने र सो भए नभएको निरीक्षण गर्ने ।

ङ) संचालक समितिको बैठकमा कुनै विषयमा विवाद उत्पन्न भई मत बराबर भएमा निर्णायक मत दिने ।

च) क्याम्पसमा कार्यहरुको आवश्यकता अनुसार निरीक्षण गर्ने, गराउने र सल्लाह सुझाव दिने ।

छ) क्याम्पस प्रमुखको विदा स्वीकृत गर्ने र काजमा खटाउने ।

ज) क्याम्पसको नियमित अनुगमन गर्ने ।

झ) आफ्नो अनुपस्थितिमा कार्य वाहक अध्यक्ष तोक्ने र जिम्मेवारी दिने ।

ञ) अध्यक्षले गर्ने भनी विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

**१०. सदस्यहरुको काम कर्तब्य र अधिकार:** (२०७६ चौथो संशोधनद्वारा थप)

क) संचालक समितिको बैठक र क्याम्पस सभामा उपस्थित भई क्याम्पसको उन्नति, प्रगतिका लागि राय, सल्लाह र सुझाव दिने ।

ख) संचालक समितिले तोकेका विविध कार्यहरु गर्ने ।

ग) उप समितिहरुमा रही क्याम्पस व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

**११. अविश्वासको प्रस्ताव :**

क) अविश्वासको प्रस्ताव कुन कुन पदाधिकारी तथा सदस्यका विरुद्व हो स्पष्ट लिखित रुपमा खुलाई नियम बमोजिम रिंत पुऱ्याई क्याम्पसमा दर्ता गराई सो मार्फत संचालक समितिमा पेश गर्नुपर्नेछ ।

ख) अविश्वासको प्रस्ताव क्याम्पस सभाका सदस्यहरु मध्येबाट न्युनतम एक चौथाई सदस्यहरुको नाम, थर, ठेगाना र दस्तखत सहितको प्रस्ताव संचालक समितिमा पेश गर्नु पर्नेछ । प्रस्ताव दर्ता पश्चात सदस्य सचिवले प्रस्तावमा नाम उल्लेख गरिएका सदस्यहरुलाई सनाखत गराई प्रमाणित गरिएपछि मात्र विधान बमोजिम बैठक बोलाउनु पर्नेछ। सनाखत गर्न इन्कार गरेमा वा आवश्यक संख्या नपुगेमा प्रस्ताव स्वत: रद्ध हुनेछ ।

**१२. अविश्वासको प्रस्तावमाथि छलफलको प्रक्रिया :**

क) क्याम्पस सभा तथा विशेष सभाको अध्यक्षता गर्ने व्यक्तिले अविश्वासको प्रस्ताव सभामा पेश गर्ने अनुमति दिनेछ । यसरी पेश हुन आएको प्रस्ताव पेश गर्ने सदस्यहरु मध्येबाट एक जनाले अविश्वासको प्रस्ताव ल्याउनु परेको कारण बारे सभालाई अवगत गराउनु पर्नेछ ।

ख) अविश्वासको प्रस्ताव पेश भए पश्चात सो प्रस्ताव उपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य दुई जना सदस्यलाई अध्यक्षले आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्न समय दिन सक्नेछन् ।

ग) अविश्वासको प्रस्ताव जसका विरुद्ध पेश गरिएको हो त्यस्ता पदाधिकारी र सदस्यलाई आफ्नो सफाईको मौकाका लागि लिखित जवाफ वा सभामै मौखिक प्रस्तुती पेश गर्न समय दिईनेछ । सो सुनवाईको अवसर दिई सकेपछि अध्यक्षले उक्त प्रस्तावलाई क्याम्पस सभामा निर्णयार्थ पेश गर्नेछ ।

**१३. अविश्वासको प्रस्तावमाथि निर्णय :**

क) क्याम्पस सभाको सम्पुर्ण सदस्यको कम्तिमा दुई तिहाईको उपस्थितिमा अविस्वासको प्रस्ताव माथि छलफल गरिने छ ।

ख) गोप्य मतदानबाट अविश्वासको प्रस्तावमा निर्णय गराइनेछ ।

ग) क्याम्पस सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई मतले अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा दिईएको मत नै निर्णायक मानिनेछ । त्यस्तो प्रस्ताव पारित भएमा जसको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएको हो सो व्यक्ति सो पदबाट मुक्त हुनेछन् ।

**१४ लेखा समिति :** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसमा देहाय बमोजिमको ३ सदस्यीय लेखा समिति हुनेछ ,जसको कार्यावधि एक कार्यकालको हुनेछ ।

क) लेखा सम्बन्धि ज्ञान भएको क्याम्पस सभाले छनौट गरेको व्यक्ति - संयोजक एक जना ।

ख) संचालक समितिद्वारा नियुक्त ब्यक्ति – सदस्य

ग) लेखा विषयका प्राध्यापकहरु मध्येबाट प्राध्यापक संघले छनौट गरेको व्यक्ति - सदस्य

**१५. लेखा समितिको काम, कर्तव्य र अधिकार** : (२०७६ चौथो संशोधनद्वारा थप)

क) बर्षमा कम्तीमा तीन पटक आन्तरिक लेखा परीक्षण गरी सुझाव दिने र बार्षिक प्रतिवेदन संचालक समितिमा बुझाउने ।

ख) बैंकमा रहेका खाताहरु जाँचबुझ गर्ने र तिनीहरुलाई व्यवस्थित गर्ने ।

ग) क्याम्पसको आय व्ययको जाँच गर्ने ।

घ) वेरुजु देखाउने र असुल उपर गर्न संचालक समितिमा सिफारिस गर्ने ।

ङ) क्याम्पसको लेखा सम्बन्धी गोपनीयता कायम गर्ने ।

च) संचालक समितिले तोकेको अन्य कार्यहरु गर्ने

**परिच्छेद ४** (२०७६ चौथो संशोधनद्वारा थप)

**१६. क्याम्पस प्रमुखको नियुक्ति :**

क) क्याम्पस प्रमुखको नियुक्ति संचालक समितिको निर्णयानुसार अध्यक्षले गर्नेछन् ।

ख) क्याम्पसमा प्राध्यापन गरिरहेका प्राध्यापकहरु मध्येबाट जेष्ठता, प्रशासनिक कार्यदक्षता, अनुभव र प्राज्ञिक क्षमताका आधारमा संचालक समितिले क्याम्पस प्रमुखको छनौट गर्नेछ ।

ग) क्याम्पस प्रमुखले संचालक समितिले तोके बमोजिम सुविधा पाउनेछन् ।

**१७. क्याम्पस प्रमुखको कार्यावधि :**

**क्याम्पस प्रमुखको कार्यावधि ४ वर्षको हुनेछ** । कार्य सम्पादन, मुल्याङकनको आधारमा आवश्यक परेमा पुनः नियुक्ति गर्न सकिनेछ । (२०७६ चौथो संशोधन

**१८. क्याम्पस प्रमुखको काम, कर्तब्य र अधिकार:**

१) क्याम्पस संचालक समितिका अध्यक्षको अनुमति लिई संचालक समितिको बैठक बोलाउने ।

२) क्याम्पसको अनुमानित बजेट संचालक समितिमा पेश गर्ने ।

३) क्याम्पसको वार्षिकोत्सवमा क्याम्पसको आय ब्ययको प्रतिवेदन पेश गर्ने ।

४) आवश्यक प्राध्यापक तथा कर्मचारीको रदबन्दी सृजना गरी संचालक समितिमा प्रस्ताव पेश गर्ने ।

५) प्राध्यापक, कर्मचारीको नियुक्ति संचालक समितिको निर्णय बमोजिम गर्ने ।

६) क्याम्पसको शैक्षिक तथा आर्थिक प्रशासनको जिम्मेवारी लिई संचालक समितिको नीति र नियम अनुसार क्याम्पस संचालन गर्ने ।

७) विद्यार्थी भर्नाको लागि नीति–नियम बनाई लागु गर्ने ।

८) विद्यार्थीलाई अनुशासनात्मक कार्यवाही गर्ने ।

९) अनुशासनहिन रेकर्ड भएको वा हुन लागेको विद्यार्थीलाई भर्ना हुनबाट रोक्ने वा निष्काशन गर्ने ।

१०) आन्तरिक वा वाह्य परीक्षाका रेकर्डहरु ब्यवस्थित रुपले राख्न लगाउने ।

११) क्याम्पसको लागि आवश्यक पर्ने सरसमान खरिद गर्ने, काम नलाग्ने समान लिलाम गर्ने र ठेक्कापट्टाको व्यवस्था गर्ने ।

१२) क्याम्पसको लेखा दुरुस्त राख्न लगाउने ।

१३) क्याम्पसको सम्पत्तीको सुरक्षा र सदुपयोग गर्ने ।

१४) प्राध्यापक तथा कर्मचारीको कामको बाँडफाँड गर्ने र आवश्यकता परेमा स्पष्टीकरण माग गर्ने ।

१५) संचालक समितिबाट स्वीकृत भएको दरबन्दी बमोजिम आवश्यक पर्ने प्राध्यापक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि आवश्यक प्रक्रिया पुरा भएपछि अन्तरवार्ता बोर्डको सिफारिस बमोजिम उम्मेदवारलाई नियुक्ति दिने ।

१६) प्राध्यापक तथा कर्मचारीहरुलाई अनुशासन सम्बन्धी कार्यवाही गरी निलम्बन वा निस्कासन गर्नु पर्दा कारण सहित संचालक समतिमा पेश गरी स्वीकृत भई आए बमोजिम गर्ने । त्यसरी निलम्बन वा निस्काशसन गर्नु पर्दा स्पष्टीकरणका लागि कम्तीमा १५ दिन म्याद दिनु पर्ने छ । र संचालक समितिले पुनः विचार गरी गरेको निणर्य अन्तिम निर्णय मानिने छ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

१७) प्राध्यापक तथा कर्मचारीलाई भ्रमण आदेश दिने र काजमा खटाउने ।

१८) प्राध्यापक कर्मचारीहरुलाई विदा दिने र बिदाको रेकर्ड राख्न लगाउने ।

२१. प्राध्यापक र कर्मचारीको नियुक्तिः

क) कुनै प्राध्यापक वा कर्मचारीलाई अस्थायी वा स्थायी नियुक्ति गर्दा दरबन्दीको आधारमा विज्ञापन गरी खुल्ला प्रतियोगिताबाट छनौट गरिनेछ ।

ख) छनौट समिति गठन संचालक समितिले तोके बमोजिम हुनेछ, अस्थायी वा स्थायी नियुक्ति लागि छनौट समितिले सिफारिस गरेको व्यक्तिलाई अस्थायी वा स्थायी नियुक्ती दिईनेछ । प्राध्यापक वा कर्मचारीहरुको परिक्षणकाल एक वर्षको हुनेछ । (२०७६ चौथो संशोधनद्वारा थप)

ग) निजको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिबाट निजको नियुक्ति रद्द गरिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

घ नेपाल सरकारको सेवा वा संस्थान वा सघ/संस्थामा कार्यरत स्थायी व्यक्तिलाई प्राध्यापक वा कर्मचारीमा स्थायी नियुक्ती गरिने छैन् । यदि नियुक्ति गर्नु परेमा आंशिक वा करार सेवामा मात्र नियुक्ती गरिने छ । आंशिक र करार सेवामा रहने सबैको पदाअवधी बढीमा १ वर्षको हुनेछ र नीजहरुको पारिश्रमीक र अन्य सूविधा दुई पक्ष बीच ( क्याम्पस र सम्बन्धीत व्यक्ति) को सम्झौता अनुसार कायम गरिने छ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ङ) विश्वविद्यालयमा कार्यरत कुनै तहको प्राध्यापक केहि अवधीको लागि काजमा आउन चाहेमा क्याम्पसको आवश्यकता र अवस्थालाई हेरि काजमा आउन सहमति दिन सकिने छ । सहमतिको निर्णय संचालक समितिले गर्ने छ ।

च) उपर्युक्त दफा ८.१ को देहायमा जुन सुकै कुरा लेखिएको भएता पनि यो विधान लागु हुनु पुर्व नियुक्त भएका प्राध्यापक वा कर्मचारीको हकमा संचालक समितिले निर्णय गरे बमोजिम हुने छ । (२०६१ पहिलो संसोधन धारा थप)

५) कुनै पनि मूलधार राजनीति पार्टीका पदाधिकारी र सदस्यहरुलाई नियुक्ति गर्न हुँदैन । (२०७१ तेस्रो संशोधनद्वारा थप)

२२. पद रिक्त हूने अवस्थाः

क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ :

क) लिखित राजिनामा दिई संचालक समितिबाट राजिनामा स्वीकृत भएमा ।

ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख र शिक्षण विभागका अध्यक्षको हकमा नीजहरुको तोकिएको पदावधी समाप्त भएमा तर त्यस्तो अवस्थामा शैक्षिक पद भने कायम रहनेछ ।

ग) मांनसिक सन्तुलन ठीक नभएमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

ङ) आफ्नो पदको दायित्व निर्वाह नगरेको वा क्याम्पसको हित विपरित काम गरेको ठहराई संचालक समितिको दुई तिहाई सदस्यहरुको बहुमतमा निस्कासन गरेमा, तर यसरी निस्कासन गर्दा नीजलाई आफ्नो आरोपको सफाईको सबुत पेश गर्न कम्तीमा १५ दिनको म्याद दिनु पर्नेछ र संचालक समितिको निर्णय अन्तिम हुने छ ।

च) सार्वजनिक सुरक्षा ऐन अर्न्तगत थुनामा रहेर फर्कि सकेपछि नीज आफ्नो पदमा बहाल रहने छन् ।

छ) क्याम्पसमा तोकिएको कार्यभार कम भएको अवस्थामा प्राध्यापक तथा कर्मचारीका दरबन्दीहरु कम गरी कार्यरत प्राध्यापक तथा कर्मचारीहरुलाई नियमानुसार सुविधा दिई सेवा निवृत्त गर्ने तर यसरी सेवाबाट हटाउँदा एक शैक्षिक सत्रको मात्र कार्यभार आधारमा हटाइने छैन । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ज) क्याम्पसमा अध्ययन भईरहेका विषयमा विद्यार्थी नभई कक्षा सञ्चालन नभएको अवस्था वा उक्त विषय समेत खारेज भएमा सम्बन्धित विषयका शिक्षकलाई वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा निजलाई अवकास दिई सम्मानजनक विदाई गर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

झ) बिना सूचना क्याम्पसमा १५ दिन अनुपस्थित भएमा । (२०७१ तेस्रो संशोधनद्वारा थप)

२३. सेवा शर्त र सूविधा सम्बन्धी व्यवस्थाः

क्याम्पसमा कार्यरत प्राध्यापक र कर्मचारीहरुको सेवाशर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) प्राध्यापक तथा कर्मचारीहरुलाई दिइने भत्ता र अन्य सुविधा त्रि.वि.वि. ले निर्धारण गरेको प्रचलित नियमलाई दृष्टिगत गर्दै क्याम्पसको आर्थिक स्थितीको आधारमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ । स्थायी प्राध्यापक तथा कर्मचारीको तलब र ग्रेड त्रि.वि.वि.ले निर्धारण गरेको स्केल बमोजिम हुनेछ ।

ख) पूरा समये प्राध्यापक वा कर्मचारी (Full Timer) आफ्नो सेवा समयमा उपस्थित रहनुपर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ग) संचयकोष सम्बन्धी व्यवस्था:

क्याम्पसमा पुरा समय काम गर्ने प्राध्यापक तथा कर्मचारीहरुले स्थायी नियूक्ती पाएको मिति देखिनै मासिक तलबबाट १० प्रतिशतका दरले रकम कट्टा गरी त्यतीनै रकम क्याम्पसले थप गरी संचयकोष खडा गर्नेछ । सो रकम नजिकको पायक पर्ने बैंक खातामा जम्मा गरीनेछ । यसरी जम्मा गरेको रकम क्याम्पस छोडेको अवस्थामा मात्र एकमूष्ठ प्रदान गरिने छ तर नीज प्राध्यापक वा कर्मचारीलाई अति आवश्यक परेको अवस्थामा संचयकोषको रकम बढीमा ९० प्रतिशत उपलब्ध गराउन सकिने छ । सो रकम नीजको तलबबाट १ वर्ष भित्र दामासाही रुपले कट्टा गरी सोध भर्ना गरिने । (२०७१ तेस्रो संशोधनद्वारा थप)

घ) यस क्याम्पसमा कार्यरत स्थायी प्राध्यापक वा कर्मचारीले अन्यत्र ठाऊंमा अस्थायी वा आंशिक समय अध्यापन वा काम गर्न चाहेमा संचालक समितिको पुर्व स्विकृती लिनु पर्ने छ । (२०६१ पहिलो संसोधन धारा थप)

ङ) कुनै प्राध्यापक वा कर्मचारी माथिल्लो पदमा बढुवा हुँदा बढुवा भएको पदको शुरु स्केल साविक पदमा रहि खाईपाई आएको तलब बराबर वा बढि भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलब स्केल समायोजन गरिनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

**२४. विदा सम्बन्धी व्यवस्था:**

क) प्राध्यापकहरुले वर्षको ९ दिन भैपरी आउने विदा, ६ दिन पर्व विदा र १५ दिन विरामी विदा लिन पाउने छन् । विरामी विदा संचित राखेमा तलब स्केलको आधारमा एकमूष्ठ रकम उपलब्ध गराइने छ । प्राध्यापकहरुले हिउदे र वर्षे विदा गरी क्याम्पसले तोकेको समयमा ६० दिन विदा पाउने छन् ।

ख) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख तथा क्याम्पसका कर्मचारीहरुले वर्ष भरी भैपरी आउने विदा ९ दिन पर्व विदा ६ दिन विरामी विदा १५ दिन र घर विदा ३० दिन पाउने छन् । घर विदा र विरामी विदाको रकम आर्थिक वर्षको अन्तिममा एकमूष्ट उपलब्ध गराइनेछ । घर विदा संचित गर्न आवश्यक ठानेको खण्डमा कम्तिमा १२० दिन घर विदा र विरामी विदा चाहे जति संचित गर्न सक्नछन् ।

ग) क्रियाविदा:

क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको बाबू आमा, श्रीमान् श्रीमति, सासु र ससुराको स्वर्गारोहण भएमा बढीमा १६ दिन पूरा तलबी विदा दिइने छ । सासु ससुराको प्रावधान महिलाको हकमा मात्र लागु हुनेछ । (२०७६ चौथो संशोधनद्वारा थप)

घ) सूत्केरी विदा:

क्याम्पसमा कार्यरत महिला प्राध्यापक तथा कर्मचारी सूत्केरी भएमा नीजले ४५ दिन सूत्केरी विदा पाउने छिन् । त्यस अवधीको पूरा तलब दिइनेछ । तर सूत्केरी विदाको सूविधा पहिलो र दोस्रो सन्तान भए सम्मलाई मात्र दिइने छ ।

ङ) क्याम्पसमा कार्यरत स्थायी र अस्थायी पूर्णकालिन पुरुष प्राध्यापक तथा कर्मचारीको पत्नी प्रसुति हुँदा त्यस्ता पुरुष प्राध्यापक तथा कर्मचारीलाई पहिलो र दोस्रो पटकका लागि बढिमा ७/७ दिनको प्रसुति स्याहार विदा दिइनेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

**२५. उपदान सम्बन्धी व्यवस्था:**

क्याम्पसमा एक उपदान कोषको व्यवस्था गरिने छ । उक्त कोषको रकमबाट मा पर्याप्त रकम भएपछि संचालक समितिले स्थायी प्राध्यापक तथा कर्मचारीलाई उपदान रकम उपलब्ध गराउन निर्णय गर्नेछ । सो निर्णय भएपछि मात्र उपदानको सूविधा उपलब्ध गराइनेछ । बेतलबी विदाको अवधिलाई उपदान दिने समयमा गणना गरिने छैन् । (२०७६ चौथो संशोधनद्वारा झिकिएको)

**२५.१. औषधी उपचार तथा उपदान सम्बन्धी व्यवस्था** (२०७१ तेस्रो संशोधनद्वारा थप)

क) ५ देखि १० वर्षसम्म क्याम्पसको सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले क्याम्पसमा आफुले स्थायी सेवा गरेको प्रत्येक वर्षको आखिरी तलबको आधा महिना बराबरको तलब पाउने छन् ।

ख) १० वर्षदेखि १५ वर्षसम्म क्याम्पसको सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले क्याम्पसमा आफुले स्थायी सेवा गरेको प्रत्येक वर्षको आखिरी तलबको १ महिना बराबर तलब पाउनेछन् ।

ग) १५ वर्षदेखि २० वर्षसम्म क्याम्पसको सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले क्याम्पसमा आफुले स्थायी सेवा गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको तलबको ४५ दिन बराबरको तलब पाउने छन् ।

घ) २० वर्षदेखि २५ वर्षसम्म क्याम्पसको सेवा गर्ने प्राध्यापक तथा कर्मचारीले क्याम्पसमा आफुले स्थायी सेवा गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको आखिरी तलबको २ महिना बराबरको तलब पाउने छन् ।

ङ) २५ वर्षभन्दा माथि स्थायी सेवा गर्ने प्राध्यापक तथा कर्मचारीका लागि दीर्घ सेवा गरे वापत २५ वर्षमाथिको प्रत्येक वर्षको आखिरी तलबको आधा महिना बराबरको तलब (घ) को सुविधामा थप पाउने ।

तर

१. खण्ड क, ख, ग, घ अनुसार पाउने उपदान रकम प्राध्यापक तथा कर्मचारी अवकाश हुँदाको अन्तिम तलब स्केलको हिसाबले हुने क्रमशः ६ महिना, १२ महिना, १८ महिना र २० महिनाको तलब भन्दा बढि हुने छैन ।

२. क्याम्पसको आन्तरिक कारणले कुनै पद खारेज गरी सेवाबाट हट्नुपर्ने अवस्थामा खण्ड क, ख, ग, घ अनुसारको उपदान दिई समितिको निर्णय अनुसार सेवा निवृत्त गर्न सकिनेछ ।

३. क्याम्पसको विधान अनुसारको आचारसंहिता उलंघन गरेको अभियोगमा सञ्चालक समितिले विधान अनुसार कार्यवाही गरी सेवाबाट हटाइएको अवस्थामा माथि उल्लेखित उपदानसम्बन्धी सुविधा प्राप्त हुने छैन ।

**२५.२. क्याम्पसमा एक औषधी उपचार तथा उपदान कोष हुनेछ :** (२०७१ तेस्रो संशोधनद्वारा थप)

क) यस कोषबाट स्थायी सेवामा कार्यरत प्रध्यापक तथा कर्मचारीहरुले औषधी उपचार खर्च पाउनेछन् ।

ख) २० वर्षलाई सेवा अवधि मानि पुरा सेवा अवधि भरमा ५ महिना बराबरको औषधी उपचार खर्च पाउनेछन् ।

**२६. बढूवा सम्बन्धी ब्यवस्था:**

क) कूनै प्राध्यापकको उपप्राध्यापक पदको निम्ति योग्यता पूगेको भएतापनि यस क्याम्पसमा २ वर्ष सम्म सहायक प्राध्यापक पदमा रही स्थायी नियूक्ति लिई काम गरेको भएमा नीजको उपप्राध्यापक पदमा पदोन्नतीको लागि न्युनतम योग्यता पूगेको मानिनेछ ।

ख) उपप्राध्यापक पदमा स्थायी नियूक्ती लिई लगातार ७ वर्ष सम्म अध्यापन गरेको भए वा सहायक प्राध्यापक पदमा स्थायी भई १० वर्ष सम्म लगातार अध्यापन गरेको भए सह–प्राध्यापक पदमा पदोन्नतीको लागी न्यूनतम योग्यता पूगेको मानिने छ ।

ग) यसरी नै कूनै प्राध्यापक स्थायी सह–प्राध्यापकमा रही कम्तीमा १० वर्ष सेवा गरेको वा सहायक प्राध्यापक वा सो भन्दा माथि पदमा स्थायी रुपमा कम्तीमा १५वर्ष प्रध्यापन सेवा गरेको र विभिन्न अनूसन्धात्मक कृति प्रकाशन गरेको वा पी.एच्. डी. डिग्री समेत गरेको भएमा प्राध्यापक पदमा बढूवा हूनका लागी योग्यता पूगेको मानिनेछ ।

घ) कार्यालय सहयोगी पदमा काम गर्ने कर्मचारी बाहेक सहायक पद देखि लेखापाल पदसम्म बढूवा हूनका लागी त्यस्ता कर्मचारीले स्थायी नियूक्ति लिई कम्तीमा ५ वर्ष अवछिन्न सेवा गरेको भए नीजलाई एक तह माथिल्लो पदमा बढूवा गर्न सकिने छ । तर बढूवा गर्ने पदको लागी चाहिने शैक्षिक योग्यता पूगी सकेको हूनू पर्नेछ । (२०७१ तेस्रो संशोधनद्वारा थप)

ङ) कूनै कर्मचारीले रा. प्र. अ. प्रथम श्रेणी सरहको पदमा रही कम्तीमा ७ वर्ष सम्म काम गरी कार्यकूशलता दक्षता हासिल गरेको भए वा माथिल्लो पदको लागी आवश्यक शैक्षिक योग्यता हासिल गरेको रहेछ भने कम्तीमा ४ वर्ष अवछिन्न रुपमा स्थायी सेवा गरेको भएमा नीजको प्रशासकिय अधिकृत वा लेखा अधिकृत सरहको पदमा बढूवा गर्न योग्यता पूगेको मानिनेछ ।

च) त्यस्तै प्रशासकिय अधिकृत वा सो सरहको पदमा रही कम्तीमा १० वर्ष स्थायी सेवा गरेको भएमा नीजलाई उपप्रशासक वा सो सरहको बढूवा गर्न योग्यता पूगेको मानिनेछ ।

छ) कूनै सहायक प्रशिक्षकले उक्त पदमा रही ७ वर्ष सम्म वा माथिल्लो पदका लागी आवश्यक शैक्षिक योग्यता हासिल गरेको रहेछ भने कम्तीमा ४ वर्ष अवछिन्न रुपमा स्थायी सेवा गरेको भएमा नीजलाई उपप्रशिक्षक पदमा बढूवा गर्न सकिने छ ।

ज) त्यस्ता उपप्रशिक्षक पदमा रही कम्तीमा ७ वर्ष स्थायी सेवा गरेको भएमा वा माथिल्लो पदका लागी आवश्यक शैक्षिक योग्यता हासिल गरेको रहेछ भने कम्तीमा छ वर्ष अवछिन्न रुपमा स्थायी सेवा गरेको भए नीजलाई प्रशिक्षक वा सहायक प्राध्यापक पदमा बढूवा गर्न सकिने छ ।

झ) बढूवाको लागी क्याम्पसको अवस्था र आवश्यकता अनुसार संचालक समितिले आवश्यक दरबन्दी सृजना गर्नेछ । सृजना गरिएको दरबन्दीमा मात्र नियम अनुसार प्रकृया पूऱ्याई बढूवा गरिने छ ।

ञ) बढूवाको निम्ति अनुभव गणना गर्दा यस क्याम्पसमा गरेको सेवा अवधीलाई मात्र मानिने छ ।

ट) बढूवा सम्बन्धी व्यवस्थाको सन्दर्भमा माथि जे सूकै लेखिएतापनि आर्थिक अवस्थाले धान्न नसक्ने भएमा बढूवा गर्न क्याम्पस बाध्य हूने छैन् । प्राध्यापक कर्मचारीलाई बढूवा गर्दा छनौट समितिको सिफारिस आवश्यक पर्ने छ । छनौट समितिको सिफारिस बमोजिम प्राध्यापक वा कर्मचारीलाई बढूवा पत्र दिइनेछ ।

**परिच्छेद ५** (२०७६ चौथो संशोधनद्वारा थप)

**२७. प्राध्यापक कर्मचारी तथा विद्यार्थीले पालना गर्नू पर्ने आचार संहिताः**

**अ) प्राध्यापक तथा कर्मचारीको आचारसंहिताः**

क्याम्पसमा कार्यरत प्राधयापक तथा कर्मचारीले देहाय बमोजिम आचार संहिता पालना गर्नूपर्नेछ :

क) क्याम्पसले तोकेको समयमा उपस्थित रही आफ्नो पदीय दायित्व पूरा गर्नूपर्नेछ ।

ख) क्याम्पस प्रमूखको अनूमति बेगर क्याम्पसको गोप्यता भंग गर्न वा सुचना प्रकाशित गराउन पाइने छैन् ।

ग) क्याम्पस भित्र वा बाहिर आफ्नो प्रतिष्ठा कायम रहने गरी आफ्नो व्यक्तिगत नैतिकता शूद्ध राखी पद अनूसारको आचरण पालना गर्नु पर्नेछ ।

घ) आफू भन्दा माथिका प्राध्यापक र कर्मचारी प्रति उचित आदरभाव देखाउनू पर्नेछ । आफू भन्दा मूनिका लाई उचित व्यवहार गर्नू पर्नेछ ।

ङ) क्याम्पसमा तालाबन्दी, घेराउ, जूलूस प्रदर्शन, नारावाजी शारीरिक वा मांनसिक दवाव सृजना गर्न वा गराउन पाइने छैन् ।

च) क्याम्पसलाई हानी–नोक्सानी हूने गरी अनूचित नियम राखी भ्रष्टाचार गर्न वा अख्तियार दूरुपयोग गर्न हूदैन ।

छ) माथि उल्लेखित आचार संहिताको उल्लङघन गर्ने प्राध्यापक, कर्मचारीलाई क्याम्पस प्रमूखले मौखिक चेतावनी वा लिखित नसिहत दिन सक्नेछन् । त्यसबाट पनि आफ्नो आचरण नसूधारेमा क्याम्पस प्रमूखको सिफारिसमा संचालक समितिले ग्रेड तथा बढूवा रोक्का गर्ने, हानी नोक्सानी भएको भए क्षतिपुर्ति भराउने तथा सेवाबाट मूक्त गराउन सक्ने छ ।

ज) माथि उल्लेखित दफा (२७) "अ" को (छ) नं. बमोजिम सेवाबाट मूक्त गराउनू पर्दा आरोप स्पष्ट किटाँन गरी सेवा मूक्त गराउनु पर्ने कारण समेत खूलाई सम्बन्धित प्रँधयापक कर्मचारीलाई आफ्नो सफाईको सबूत पेश गर्न ७ दिनको म्याद दिई लिखित स्पष्टीकरण माग्नू पर्नेछ । सो स्पष्टीकरण उचित नदेखिएमा संचालक समितिको बहूमतबाट नीजलाई सेवा मूक्त गराउन सकिने छ ।

**आ) विद्यार्थीको आचार संहिताः**

यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले देहाय बमोजिमका आचारसंहिता पालन गर्नुपर्नेछः–

क) विद्यार्थीहरु नियमानूसार क्याम्पसले निर्धारण गरेको पोशाक लगाउने र अनूशासनमा रहनू पर्दछ ।

ख) क्याम्पसले जारी गरेको नियम पालन गर्नू विद्यार्थीको कर्तव्य हूनेछ ।

ग) क्याम्पस हाता भित्र कूटपिट गर्न गालीगलोज गर्न र हातहतियार लिई क्याम्पसमा उपस्थित हून पाइने छैन् ।

घ) क्याम्पस प्रमूखको स्वीकृत वेगर सभा, नाटक, नाचगान आदि कार्यक्रम गर्न पाइने छैन् । साथै क्याम्पसलाई आँच आउने गरी बोल्न पाइने छैन् ।

ङ) क्याम्पसका प्राध्यापक तथा कर्मचारीलाई क्याम्पस भित्र वा बाहिर कूटपिट गर्न, गालीगलोज गर्न लेखे र वा बोलेर बेइज्जत गर्न पाइने छैन् ।

च) क्याम्पसका पूस्तक, फर्निचर, उपकरण आदि चल अचल सम्पत्तिको दूरुपयोग वा हिनामिना गर्न पाइने छैन् ।

छ) क्याम्पसमा तालाबन्दी, घेराउ, जूलुस प्रदर्शन, नाराबाजी गर्न पाइने छैन् ।

ज) क्याम्पस हाताभित्र कुनै किसिमको अश्लिल हरकत र मद्यपान र धुम्रपान गर्न पाइनेछैन । (२०७१ तेस्रो संशोधनद्वारा थप)

झ) माथि उल्लेखित आचरसंहिता उलङ्घन गर्ने विद्यार्थीलाई क्याम्पस प्रमूखले उचित छानविन गरी नसिहत दिने, हानी नोक्सानीको क्षतिपुर्ति गराउने अपराधको अनूपातमा आर्थिक जरिवाना गर्ने, केही समयका लागी कक्षा बाट निलम्बन गर्ने, क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निस्कासन गर्नका लागी संचालक समितिलाई सिफारिस गर्न सक्नेछन् ।

यसरी क्याम्पसबाट आचरण सम्बन्धी कार्यवाही गरिएको निर्णय अन्तिम हूनेछ ।

## परिच्छेद ६ (२०७६ चौथो संशोधनद्वारा थप)

### २८. आर्थिक प्रशासन सम्बन्धी नियम:

क) क्याम्पसमा एक आर्थिक कोष रहने छ । त्यस कोषलाई क्याम्पस संचालन कोष, भौतिक सूविधा कोष, छात्रवृत्ती कोष, निशूल्कवृत्ती कोष, संचयकोष, अवकाश कोष, उपदानकोष, कम्प्युटरकोष, अक्षयकोष, आदिमा आवश्यकता अनूसार वर्गिकरण गरी संचालन गरिने छ । आर्थिक कोष नजिकको स्थानीय बैकमा खोलिनेछ । सोको संचालन क्याम्पस प्रमूख र संचालक समितिले तोकेको ब्यक्तिको संयूक्त दस्तखतबाट संचालन हूनेछ । (२०७६ तेस्रो संशोधनद्वारा थप्र)

ख) क्याम्पस संचालन खातामा देहाय बमोजिम रकम रहने छ ।

१) क्याम्पसका विद्यार्थीबाट उठेको सबै प्रकारको शूल्क ।

२) क्याम्पस संचालनका लागि भनी प्राप्त भएको दान दातब्य र अनूदान ।

३) प्रशासनिक कार्य संचालनका लागी भनी सापटी लिएको रकम ।

४) विभिन्न कोषको दाताहरु तथा लगानीबाट प्राप्त भएको रकम र सोको ब्याज ।

### २९. खरिद गर्ने नियम:

क्याम्पस संचालन तथा निमार्णका लागी आवश्यक पर्ने मालसमान खरिद गर्दा देहाय बमोजिमको प्रकृया अपनाई खरिद गर्नूपर्नेछ ।

क) रु. २५०००।– सम्मका मालसामान क्याम्पस प्रमूखले खरिद गर्न सक्नेछन् ।

ख) रु. २५००१।– भन्दा माथि ५००००।– (पचास हजार) सम्मको मालसामान खरिद गर्नू पर्दा क्याम्पस प्रमूखले संचालक समितिका अध्यक्षसंग सहमती लिएर खरिद गर्न सक्नेछन्

ग) रु. ५०,००१।– (पचास हजार एक) भन्दा बढी मूल्य पर्ने मालसामान खरिद गर्नु पर्दा कम्तीमा १५ दिनको सुचना निकाली शिलटेण्डर वा कोटेशन माग गरी क्याम्पस प्रमूख, लेखाप्रमूख र संचालक समितिका प्रतिनिधीको उपस्थितीमा टेण्डर वा कोटेशन खोल्न लगाई सो समितिको निर्णय अनूसार क्याम्पस प्रमूखले सामान खरिद गराउन सक्नेछन् ।

घ) यसरी शिलटेण्डरद्वारा कोटेशन माग गर्दा प्रचलित ऐन नियम बमोजिम हूनूपर्नेछ ।

ङ) यसरी खरिद गरिएको मालसमानहरु रीतपुर्वक स्टोर दाखिला गरेर मात्र उपभोगमा ल्याउनू पर्नेछ ।

### ३०. निर्माण सम्बन्धी नियम:

क) क्याम्पसमा नयाँ निमार्ण वा मर्मत गर्नू पर्ने भएमा रु. २५०००।– सम्मको निर्माण वा मर्मत कार्य क्याम्पस प्रमूख आफैले गराउन सकनेछन् ।

ख) रु. ५००००।– (पचास हजार) सम्मको मर्मत वा निर्माण कार्य गर्नू परेमा क्याम्पस प्रमूखले संचालक समितिका अध्यक्षको सहमती लिएर गर्न सक्ने छन् ।

ग) रु. ५०००१।– (पचास हजार एक) वा सो भन्दा माथि निर्माण कार्य गर्नू परेमा मान्यता प्राप्त प्राविधिक द्वारा डिजाइन तथा लगत स्टीमेट गराइ संचालक समितिबाट स्वीकृत गराई कम्तीमा १५ दिनको सुचनाद्धारा शिलटेण्डर माग गरी मान्यता प्राप्त ठेकेदारबाट निर्माण वा मर्मत गराउनू पर्दछ ।

घ) उक्त माग गरिएको शिलटेण्डर क्याम्पस प्रमूख, संचालक समितिको प्रतिनिधी वा भवन निर्माण समितिका प्रतिनिधीको रोहवरमा खोली समितिको सिफारिस बमोजिम क्याम्पस प्रमूखले टेण्डर स्वीकृत गरी काममा लगाउन सकनेछन् ।

ङ) माग गरिएको शिलटेण्डर रीतपुर्वक कम्तीमा ३ वटा सम्म परेको हुनुपर्दछ ।

च) शिलटेण्डर स्वीकृत गर्दा पार्टीको काम गर्न सक्ने क्षमता र ईमानदारीताको आधारमा स्टीमेटको कूल रकमको १० प्रतिशत सम्म बढी हून आएमा पनि संचालन समिति वा भवन निर्माण समितिबाट अनूमोदन गराई काममा लगाउन सकिने छ ।

छ) माथि उल्लेख गरे बमोजिम शिलटेण्डर वा काटेशन दिने कबूल अंकको ५ प्रतिशत रकम धरौटी वापत टेण्डरको कोटेशन साथ पेश गर्नू पर्नेछ ।

ज) निर्माण सम्बन्धी उपदफा (क) देखी (५) सम्म जेसूकै लेखिएको भएतापनि शिलटेण्डर माग गर्न अनूपयूक्त ठानिएमा वा टेण्डर वा कोटेशन माग गर्दा कसैको पनि नपरेमा संचालक समिति वा भवन निर्माण समितिले अमानत वा कूल स्टीमेट अंकमा नबढ्ने गरी भरपर्दो पार्टी संग ठेक्का पट्टाको सम्झौता गरी काम लगाउन सक्नेछन् ।

झ) रु.१०००००।– ( एक लाख ) भन्दा माथिको निर्माण वा मर्मत कार्य सम्पन्न भैसकेपछि मान्यता प्राप्त प्राविधिकद्धारा अन्तिम जांचपास गराउनू पर्नेछ । ठेक्का पट्टाको भूक्तानी प्राविधिकद्धारा तयार गरिएको रनिङ्ग विल तथा अन्तिम विलको आधारमा गरिने छ ।

ञ) क्याम्पसको हितलाई ध्यानमा राखी लगत स्टीमेटमा ननाघ्ने गरी कूनै पनि निर्माण कार्य संचालक समितिले निर्माण समिति गठन गरी अमानतमा काम गराउन सक्नेछ । सो निर्माण कार्यका लागी निर्माण सम्बन्धी दफाको कूनै पनि उपदाफाले बाधा दिने छैन् ।

**३१. चल अचल सम्पत्ती सम्बन्धि**

क) क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चल अचल सम्पत्ती नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने (सार्वजनिक) विश्वविद्यालयको स्वामित्वमा जानेछ । (२०६५ दोस्रो संशोधनद्वारा थप)

**३२. लिलाम सम्बन्धी नियमः**

क) क्याम्पसका लागी नचाहिने वा सडीगली जाने संभावना देखिएको वा काममा ल्याउन नसकिने भएमा मालसमानहरु छूट्टाई ,सोको विवरण तयार गरी, बढीमा १५ दिनको सुचना निकाली लिलाम विक्री गर्न सकिने छ ।

ख) लिलाम बढाबढ गर्ने समितिमा क्याम्पस प्रमूख, लेखाप्रमूख र संचालक समितिका प्रतिनिधी रहनेछन् ।

ग) लिलाम बढाबढगर्दा सबै भन्दा ठुलो अंक स्वीकृत गर्ने वा उपयूक्त मुल्य प्राप्त नभएको कारणले बोल कबोल अस्वीकार गर्ने अधिकार उक्त समितिलाई हूनेछ ।

घ) लिलाम बढाबढ गर्दा कबूल गरेका कूल अंकको १० प्रतिशत रकम नगदै तूरून्त बूझाउनू पर्नेछ ।

ङ) बोलकबोल स्वीकृत हूनेले आफूले जम्मा गरेको रकम कट्टा गरी बाँकी रकम ७ दिन भित्र जम्मा गरी लिलाम भएको समान उठाई सक्नू पर्नेछ ।

च) तोकिएको समयभित्र रकम नबूझाएमा वा मालसमान नउठाएमा जम्मा भएको रकम फिर्ता गरिने छैन् ।

३३. **लेखापरीक्षक सम्बन्धी नियमः**

क) क्याम्पसले आफ्नो वर्षभरीको आम्दानी खर्च सम्बन्धि अभिलेखको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र गराई सक्नूपर्दछ ।

ख) लेखापरीक्षकको पारिश्रमीक संचालक समितिले तोके बमोजिम हूनेछ । लेखापरीक्षकको नियूक्ती गर्दा सम्बन्धित क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारी वाहेक महालेखा परीक्षकबाट स्वीकृत प्राप्त एवं रजिस्टर्ड लेखापरीक्षकबाट मात्र गराइनेछ ।

ग) लेखापरीक्षण गर्दा लेखा परीक्षकले लेखा सम्बन्धी अभिलेख नियमित भए नभएको, उठेको रकम समयमै बैंक जम्मा भए नभएको, स्वीकृत बजेट शिर्षक बमोजिम खर्च भए नभएको, जस्ता कूरामा ध्यान दिनू पर्नेछ ।

घ) लेखापरीक्षकलाई लेखासम्बन्धि सम्पुर्ण अभिलेख र निति–नियमहरु उपलब्ध गराउनू र प्रष्ट पार्नू क्याम्पस प्रमूख र लेखा प्रमूखको कर्तव्य हूनेछ ।

ङ) आर्थिक वर्ष श्रावण देखी आषाढ सम्म हूनेछ ।

३४. **मान सम्मानः**

क्याम्पसको आर्थिक एवं भौतिक विकासको निम्ति सहयोग गर्ने महानूभावहरुलाई संचालक समितिको निर्णय अनुसार मान सम्मान गरिने छ ।

## परिच्छेद -७ (२०७६ चौथो संशोधनद्वारा थप)

३५. **विधान संशोधन :** (२०७६ चौथो संशोधनद्वारा थप)

विधान संशोधनको लागि संचालक समितिले एक उप समिति गठन गर्ने सक्ने छ । उप समितिको सुझाव अनुसार संचालक समितिले संशोधन सहित पारित गर्नेछ । त्यसको अनुमोदन क्याम्पस सभाबाट हुनुपर्नेछ ।

३६. **निष्कृय वा अमाम्य हुने :** (२०७६ चौथो संशोधनद्वारा थप)

यस विधानमा उल्लेख भएका कुनै कुरा प्रचलित ऐन कानुन, **त्रि.वि. नियम, सम्बन्धन सम्बन्धि विनियममा उल्लेख गरिएका कुराहरुसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।**

३७. **राजीनामा :** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पस सेवाबाट राजीनामा दिन चाहने क्याम्पस प्रमुखले संचालक समिति समक्ष, सहायक क्याम्पस प्रमुख, प्राध्यापक तथा अधिकृत स्तरको कर्मचारीले क्याम्पस प्रमुख मार्फत अध्यक्ष समक्ष र अन्य कर्मचारीले क्याम्पस प्रमुख समक्ष राजीनामा दिनुपर्नेछ । अधिकारवालाले राजीनामा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछन ।

३८ . **वाधा अडकाउ फुकाउने र नियम विनियम बनाउने अधिकार :** (२०७६ चौथो संशोधनद्वारा थप)

यस विधानमा नपरेका वा कुनै नियम विनियमसंग बाझेको बिषयमा बाधा अडकाउ फुकाउने अधिकार संचालक समितिमा रहनेछ । यस विधान अन्तरगत रही संचालक समितिले क्याम्पस संचालनका लागि आवश्यक नियम विनियम बनाउन सक्नेछ र सो नियम विनियमलाई क्याम्पस सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद -७ (२०७६ चौथो संशोधनद्वारा थप)

३९. **प्राध्यापक संघको गठन :** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको छाता संगठनको रुपमा एक प्राध्यापक संघ रहनेछ । प्राध्यापक संघको निर्वाचन प्रकृया संम्बन्धित प्राध्यापक संघको विनियमले तोके बमोजिम हुनेछ ।

४०. **कर्मचारी युनियनको गठन :** (२०७६ चौथो संशोधनद्वारा थप)

यस क्याम्पसमा कार्यरत कर्मचारीहरुको साझा संगठनको रुपमा नियमावलीमा व्यवस्था भए बमोजिम कर्मचारी युनियनको गठन गरिनेछ ।

४१. **स्व. वि. यु. सम्बन्धी व्यवस्था :** (२०७६ चौथो संशोधनद्वारा थप)

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको छाता संगठनको रुपमा एउटा स्व. वि. यु. रहनेछ । स्व. वि. यु.को निर्वाचन प्रक्रिया तोकिए बमोजिम हनेछ । स्व. वि. यु.को संरक्षकत्व गर्ने काम क्याम्पस प्रमुखको हुनेछ ।

४२. **क्याम्पसको छाप :**

क) क्याम्पसको छाप नेपाली तथा अंग्रेजीमा तपसिल बमोजिम हुनेछ ।

